


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार


देशको आर्थिक सामाजिक विकासमा ५८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३२ अंक ०३ असोज/कात्तिक २०८१ Year 32 Vol 03 Sep. - Nov. 2024


## राष्ट्रिय वाणिज्य बैंकद्वारा बाढीपहिरो र डुबानबाट प्रभावित तथा पीडितको सहायताका लागि दुई करोड रुपैंया आर्थिक सहयोग प्रदान

**काठमाडौं, १५ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले हालै भएको लगातारको भारी वर्षाका कारण देशका विभिन्न भागमा आएको बाढीपहिरो र डुबानबाट प्रभावित तथा पीडितको सहायताका लागि दुई करोड रुपैंया आर्थिक सहयोग प्रदान गरेको छ। बैंक सञ्चालक समिति अध्यक्ष दिलिपकुमार ढुङ्गानाले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई मङ्गलबार एक कार्यक्रमका बीच दुई करोड रुपैंयाको चेक रकम हस्तान्तरण गर्नु भएको छ।



बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बाढीपहिरो र डुबानबाट प्रभावित तथा पीडितको सहायताका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको राष्ट्रिय वाणिज्य बैंकमा रहेको च.हि.न. ११३०१००००३७६२००१ खातामा दुई करोड रुपैंया ट्रान्सफर गरेको छ । बाढीपहिरोको कारण मृत्यु हुने नागरिकहरु प्रति बैंक हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ । साथै, बैंक बाढीपहिरोको कारण घाइते भएका नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछ।

उक्त कार्यक्रममा प्रधानमन्त्रीका प्रमुख आर्थिक सल्लाहकार डा.युवराज खतिवडा, सहसचिव विनोद कुवँर, बैंक सञ्चालक समिति सदस्यहरु महेश भट्टराई, सुशिल घिमिरे, लक्ष्मण घिमिरे, प्रा.डा.रामप्रसाद ज्ञवाली, प्रमुख कार्यकारी अधिकृत देवेन्द्रमण खनाल, नायब प्रमुख कार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेश प्रसाद लोहनी, उपकार्यकारी अधिकृत पवन रेग्मी, ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख आनन्द सुवेदीको उपस्थिति रहेको थियो। ■

## राष्ट्रिय वाणिज्य बैंकद्वारा एक प्रदेश एक विशेष कार्यक्रम अन्तर्गत "प्रदेश विशेष कृषि कर्जा" प्रोडक्टको शुभारम्भ

**काठमाडौं, १४ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशको सम्पूर्ण प्रदेशका कृषि क्षेत्रको विकासका लागि प्रदेशगत विशेष कृषि उपजहरुका आधारमा अधिकतम पाँच करोड रुपैंयासम्म एक प्रदेश एक विशेष कार्यक्रम अन्तर्गत प्रदेश विशेष कृषि कर्जा प्रदान गर्ने प्रोडक्टको शुभारम्भ गरेको छ। कानूनी रुपमा फर्म वा कम्पनीमा दर्ता भई कृषि व्यवसायमा आबद्ध १८ वर्षदेखि ६५ वर्ष उमेर सम्मका नेपाली नागरिकले कर्जाको लागि आवेदन




दिन सक्नेछन्।

कोशी प्रदेशमा अलैंची, मधेश प्रदेशमा माछा, बाग्मती प्रदेशमा कुखुरा, गण्डकी प्रदेशमा फलफुल, लुम्बिनी प्रदेशमा पशुपालन, कर्णाली प्रदेशमा जडिबुटी र सुदूर पश्चिम प्रदेशमा केरा खेतीलाई विशेष कृषि उपज निर्धारण गरी बैंकले कृषि कर्जा निर्देशिका, २०६९ (संशोधन सहित) अनुसार लगानी गरिने यो कर्जा अधिकतम १० वर्ष अवधिका लागि प्रदान गरिने छ । आधार दरमा ०।५० प्रतिशत प्रिमियम जोडी ब्याजदर निर्धारण गरिने यो कर्जामा खुद व्यापारिक सम्पत्तिको अधिकतम ७० प्रतिशतसम्म बैंकले कर्जा लगानी गर्ने छ। ग्राहकले सञ्चालन गर्ने कृषि परियोजना नै धितोको रुपमा रहने छ भने आवश्यकता अनुसार घर/जग्गा समेत धितो सुरक्षणको रुपमा स्वीकार गर्न सकिने छ। कर्जाको बीमा गरिने छ। बैंकको देशैभर रहेका सम्पूर्ण शाखा कार्यालयहरुबाट प्रदेश विशेष कृषि कर्जा प्रदान गरिने छ। ■

# राष्ट्रिय वाणिज्य बैंकद्वारा "किसान सरल कर्जा" प्रोडक्टको शुभारम्भ




**काठमाडौं, ३० असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले कृषि क्षेत्रको विकासका लागि अधिकतम दश लाख रुपैंयासम्म कर्जा दिने गरी किसानसँग राष्ट्रिय वाणिज्य बैंक कार्यक्रम अन्तर्गत किसान सरल कर्जा प्रोडक्टको शुभारम्भ गरेको छ। दश लाख रकम भित्र एक लाख रुपैंया बराबरको किसान क्रेडिट कार्ड समेत लिन सकिनेछ।

कुनै कृषि व्यवसायमा आबद्ध १८ वर्षदेखि ६५ वर्ष उमेर सम्मका नेपाली नागरिक वा कानूनी रुपमा दर्ता भएका कृषि व्यवसायमा संलग्न फर्म वा कम्पनीले कर्जाको लागि आवेदन दिन सक्नेछन् । बैंकले कृषि कर्जा निर्देशिका, २०६९(संशोधन सहित) अनुसार लगानी गरिने यो कर्जा आवधिक र चालुपुँजी दुबै प्रकृतिको हुनेछ। यो कर्जा ग्रेस अवधि सहित अधिकतम १० वर्ष अवधिका लागि प्रदान गरिने छ। आधार दरमा ०।५० प्रतिशत प्रिमियम जोडी ब्याजदर निर्धारण गरिने यो कर्जामा खुद व्यापारिक सम्पत्तिको अधिकतम ७० प्रतिशतसम्म बैंकले कर्जा लगानी गर्ने छ । ग्राहकले सञ्चालन गर्ने कृषि परियोजना नै धितोको रुपमा रहने छ भने आवश्यकता अनुसार घर/जग्गा समेत धितो सुरक्षणको रुपमा स्वीकार गर्न सकिने छ। कर्जाको बीमा गरिने छ। बैंकको देशैभर रहेका सम्पूर्ण शाखा कार्यालयहरुबाट किसान सरल कर्जा प्रदान गरिने छ। ■

# विदेश/तालिम

Leadership Academy Nepal (LAN) ले Bangkok, Thailand **मा सञ्चालन गरेको** Global Trends in Leadership & Management **विषयक तालिम कार्यक्रममा मिति** 2024 October 21-25 **सम्म तपसिल बमोजिमका बैंकका कर्मचारीले भाग लिनु भएको छ।** ■

१. **प्रबन्धक भोलाकुमार कार्की** (१११०२)
२. **प्रबन्धक विष्णुप्रसाद अर्याल** (११०९८)

# बैंक र MAW-Vriddhi Motors Private Limited बीच सम्झौता



**काठमाडौं, १६ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र MAW-Vriddhi Motors Private Limited बीच विद्युतीय(EV) गाडीमा कर्जा लगानी गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौता अनुसार वार्षिक ७.७७ प्रतिशत स्थीर ब्याजदरमा निजी सवारी(रातो प्लेट) को NAMMI / SERES विद्युतीय(EV) गाडीका लागि मासिक किस्ताबन्दीमा कर्जा भुक्तानी गर्ने गरी बैंकले अधिकतम एक करोड रुपैंयासम्म कर्जा लगानी गर्ने छ। कर्जा रकमको ०.७५ प्रतिशत सेवा शुल्क लाग्ने छ। गाडीको कोटेशनमा अंकित मुल्यको विद्युतीय गाडी(EV) को बढिमा ८० प्रतिशतसम्म बैंकले कर्जा लगानी गर्ने छ भने बढिमा सात वर्ष सम्म कर्जा अवधि दिइने यो सम्झौता २०८१ कात्तिक मसान्तसम्म मात्र लागू हुने छ। बैंकको सातै प्रदेश, ७७ वटै जिल्लामा २९४ वटा शाखा कार्यालय, ३१२ वटा एटिएम र ७३ वटा एक्स्टेन्सन काउन्टर रहेको छ। ■

# राष्ट्रिय वाणिज्य बैंकको कल सेन्टर २४ सैं घण्टा सञ्चालन



**काठमाडौं, १६ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको केन्द्रीय कार्यालय सिंहदरबार प्लाजा स्थित रहेको कल सेन्टर अब २४ सैं घण्टा सञ्चालन हुने भएको छ। बैंकको सेवाका बारेमा टेलिफोन नम्बर ०१-५९७००१८ कल गरेर २४ सैं घण्टा जानकारी लिन सकिनेछ। बैंकको सेवाका बारेमा जानकारी लिन चाहनेहरुलाई थप सहज भई बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाहमा थप सुधार आउने अपेक्षा गरिएको छ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा ११७ जना नवनियुक्त अधिकृतहरुलाई पूर्व सेवाकालिन तालिम प्रदान



**काठमाडौं, १ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट प्रदेशगत रुपमा छनौट भएका ११७ जना नवनियुक्त अधिकृतहरुलाई चौध दिने पूर्व सेवाकालिन तालिम काठमाडौंमा सञ्चालन गरिरहेको छ।



तालिमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत देबेन्द्ररमण खनालले प्रतिस्पर्धी बजारमा बैंकले लिएको उद्देश्य कार्यन्वयनमा यो ठुलो संख्याको जनशक्तिको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। जनताको ठुलो विश्वास बैंक प्रति रहेको हुँदा व्यवसायीक ढङ्गबाट कार्य गर्ने सोच बनाउनु पर्ने बताउनुभयो। उहाँले विभिन्न प्रक्रिया पश्चात बैंकले एकपटक ठुलो संख्यामा युवा अधिकृतहरुलाई नियुक्ति दिएर बैंकिङ्ग क्षेत्र मार्फत देश र नागरिकको सेवा गर्ने अवसर प्रदान गरेको बताउनुभयो। अरु सहायक स्तरका कर्मचारीहरुको भर्ना प्रक्रिया छिट्टै पूरा भएपछी बैंकले दिने सेवा र उत्पादकत्व




बढ्ने बताउनुभयो। कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत खनालले नवनियुक्त सहायक प्रबन्धक, उपप्रबन्धक, प्रबन्धक र बरिष्ठ प्रबन्धक तहका जम्मा ११७ जना अधिकृतहरुलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ समेत गराउनु भएको थियो।

कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेश प्रसाद लोहनी, मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त अधिकृत कर्मचारीहरुलाई बधाई तथा शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतरु पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल, रामकुमार थापा र तालिम तथा सिकाई विकागका विभागीय प्रमुख पद्मा लक्ष्मी जि.सी. लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। ■



# बैंक र निओ रेमिट तथा युनाईटेड रेमिट बीच रेमिटान्स भुक्तानी गर्ने सम्झौता

**काठमाडौं, ११ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ग्राहकहरु तथा अन्य वैदेशिक रेमिटान्स प्राप्त गर्ने ग्राहकहरुलाई खुसीको खबर । बिश्वका जुनसुकै देशहरुमा रहनुभएका आफन्तहरुले निओ रेमिट तथा युनाईटेड रेमिटबाट पठाएको वैदेशिक रेमिटान्स अब राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ७७ जिल्लामा रहेका २९४ वटा शाखा कार्यालयहरुबाट भुक्तानी



हुने भएको छ। दूर दराजमा रहेका ग्राहकहरुले पनि यो सुबिधा प्राप्त गर्न सक्नेछन। साथै उक्त रेमिटबाट सोझै खातामा जम्मा हुने गरी पठाएको रकम पनि भुक्तानी प्राप्तकर्ताको खातामा जम्मा हुनेछ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र निओ मनि ट्रान्सफर प्रा.लि.(नियो रेमिट) तथा युनाईटेड रेमिट प्रा.लि बीच यस्तो सम्झौता भएको हो । सम्झौतामा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका तर्फबाट विभागीय प्रमुख ऋषिराम ढकाल र निओ मनि ट्रान्सफर प्रा.लि.(नियो रेमिट) का प्रमुख कार्यकारी अधिकृत सागर खनालले हस्ताक्षर गर्नुभएको थियो । साथै युनाईटेड रेमिटका तर्फबाट सुदनसिंह सिलवालले हस्ताक्षर गर्नुभएको थियो। ■

## ग्राहक सेवा सम्बन्धी तालिम प्रदान



काठमाडौं, ९ असोज

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा वागमती, गण्डकी र लुम्बिनी प्रदेश अन्तर्गतका शाखामा कार्यरत कर्मचारीहरु तथा बैंकमा लामो समयसम्म तालिम नलिएका कर्मचारीहरुलाई प्रभावकारी ग्राहक सेवा सम्बन्धी तालिम आयोजना गरिएको छ। चितवनको सोराहमा आयोजना गरिएको तालिममा ९६ जना कर्मचारीको सहभागिता रहेको थियो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनी तथा वागमती प्रादेशिक प्रबन्धक धुब्र अर्यालको तालिम कार्यक्रममा उपस्थिति रहेको थियो।

गुणस्तरीय कर्जा व्यवस्थापन, ब्रान्च अपरेशन म्यानुअल, कानूनी व्यवस्था, आरविवि डिजिटल संसार, कार्ड तथा डिष्प्यूट सेटलमेन्ट, दस्तखत प्रमाणीकरण, ग्राहक सम्बन्ध, तनाब व्यवस्थापन तथा उत्प्रेरणा सम्बन्धी तालिम बैंकका उपकार्यकारी अधिकृत दुर्गा कुमारी कँडेल, विभागीय प्रमुखहरु आनन्द सुवेदी, भवानीशंकर निरौला, बरिष्ठ प्रकन्धक गगनसिंह घिमिरे, हेमन्त जिसी, रमेश सुवाल, प्रबन्धकहरु सविनराज अधिकारी, रोमप्रसाद सिलवाल, ज्योति भट्ट तथा विजयराज सिग्देलले प्रशिक्षण दिनुभएको थियो। ■

## समवेदना

यस बैंकका शा.का. ललितपुरमा कार्यरत सहायक अन्जली शर्मा दाहाल (१२३६५) का ससुरा तिर्थराज तिमसिना, शाखा कार्यलय पृथ्वीचोकमा कार्यरत सहायक सृजना केसी (१२४६५) का ससुरा गंगाबहादुर पाण्डे, के.का.कम्प्लायन्स विभागमा कार्यरत प्रबन्धक दिनेशकुमार राई (११५७२) का पिता सुभाषचन्द्र राई, शा.का. थापाथलीमा कार्यरत सुरक्षागार्ड(करार) ध्रुवबहादुर थापा (११३२४) की श्रीमती लीला थापाको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

**प्रकाशक**
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-५७२१२२०, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
देवेन्द्ररमण खनाल
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
पवन रेग्मी
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
ईश्वर उप्रेती

**डिजाइन**
राजु तामाङ